# कानेपोखरी गाउँपालिकाका कर्मचारीहरूको आचारसंहिता २०७५

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान र प्रचलित कानून प्रति प्रतिबध्द रही कानूनी राज्य संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरूको न्यायोचित वितरण ब्यवस्तापन र दिगो बिकासको अबधारणालाई मूर्तरूप दिन र कर्मचारीहरूको मर्यादा , ब्यवहारलाई शिष्ट बनाउन कानेपोखरी गाउँपालिका गाउँ कार्यपिकाको कार्यालयका कर्मचारीहरूका लागि कानेपोखरी गाउँपालिकाको गाउँ सभाको प्रथम बैठकबाट पारित गरी कर्मचारीहरूले पालना गर्ने देहाय बमोजिमको आचारहरूको नियम बनाई लागू गरिएको छ।

१. यो आचारको नियमलाई कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कर्मचारी आचारसंहिता २०७५ मानिने छ।

२. यो आचारसंहिता तुरून्त लागू हुने छ ।

३. यस आचारसंहितामा स्थानीय तह भन्नाले कानेपोखरी गाउँपालिकालाई जनाउँदछ ।

४. यस स्थानीय तहका कर्मचारीहरूले देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछ ।

    (क) गाउँपालिकाको कामसँग सम्बन्धित कुनै ब्यक्ति वा संस्थाबाट कुनै प्रकारको दातव्य, कोसेली, उपहार आएमा आफूले स्वीकार गर्नु वा आफ्नो परिवारको कुनै सदस्यलाई स्वीकार गर्न दिन हुँदैन ।

    (ख) कार्यपालिकाको स्वीकृति बिना कुनै कामका निम्ति कुनै किसिमको सहयोग माग्न वा चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हुँदैन ।

(ग) आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति प्राप्त गरेमा लागत मूल्य समेतको जानकारी कार्यालयमा पेश गर्नु पर्नेछ ।

(घ) गाउँपालिकाको लागि गरिने कुनै पनि कामको ठेक्का टेण्डर, वोलपत्र आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा लिनु हुँदैन ।

(ङ) कार्यालयको काम सँग सम्बन्धित भएको कुनै ब्यक्ति सँग सापट लिन वा निजको आर्थिक कृतज्ञतामा पर्नु हुँदैन, तर बैक सँग लेनदेन गर्दा यो नियम लागू हुने छैन ।

(च) कुनै किसिमको फाटका खोल्नु हुँदैन ।

(छ) कार्यपालिकाको स्वीकृत बिना कुनै पनि बैक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा संचालनको काममा भाग लिनु हुँदैन।

(ज) गाउँपालिकाबाट अख्तियारी नभई आफुले लेखेको वा प्राप्त गरेको कुनै कागजपत्र वा सूचनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनाधिकृत कर्मचारी वा गैर सरकारी ब्यक्ति वा प्रेसलाई जानकारी दिन हुँदैन । तर इतिहास, भाषा, साहित्य वा अनुसन्धान मूलक लेख, रचना, कृति प्रकाशन गर्न बाधा पर्ने छैन ।

*(झ)* संध प्रदेश वा स्थानीय सरकारको काम कार्वाहीमा प्रतिकुल प्रबाव पर्ने गरी कुनै पत्रपत्रिकामा आफ्नो वा वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्ने वा रेडियो वा टेलिभिजनद्वारा प्रसारण गर्न हुँदैन ।

(ञ) संघ प्रदेश वा स्थानीय तहको नीतिको बिरोधमा सार्वजनिक भाषण दिन वा कुनै बक्तव्य पर्काशन गर्नु हुँदैन ।

(ट) संघ प्रदेश वा स्थानीय सरकारको काम कार्वाहीमा प्रतिकुल प्रभाव पर्ने गरी कुनै पत्रपत्रिकामा आफ्नो वा वास्तविक वा काल्पनिक नामबाट वा

बेनामी कुनै लेख प्रकाशन गर्ने वा रेडियो वा टेलिभिजनद्वारा प्रसारण गर्न हुँदैन।

(ठ) संघ प्रदेश वा स्थानीय तह्को नीतिको बिरोधमा सार्वजनिक भाषण दिन वा कुनै बक्तव्य प्रकाशन गर्नु हुँदैन ।

(ड)स्थानीय तहबाट निर्धारित समयमा नियमित रूपले आफ्नो कार्यालयमा हाजिर हुनु पर्छ र विदाको निकाशा नलिई आफ्नो काममा अनुपस्थित हुनु हुँदैन ।

(ढ) कार्यालयको गोप्यता भंग गर्नु हुँदैन । तहको अधिकृतले दिएको आज्ञालाई सिघ्रता र परिश्रमका साथ पुरा गर्नु प

(ण) स्थानीय तहको कर्मचारीले आफू भन्दा माथिल्लो तहको निर्देशन पालना गर्नु पर्नेछ ।

(त) आफ्नो नोकरी सम्बन्धि कुरामा मतलव साध्न वा आफु भन्दा माथिका अधिकृतहरू माथि कुनै राजनैतिक वा अरू अवान्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

(थ) गाउँपालिकाका कर्मचारीले आफु माथिका अधिकृतहरू प्रति उचित आदर देखाउनु पर्दछ ।

(द) प्रचलित कानून विपरित हुने गरी बहुविवाह गर्न गराउन हुँदैन ।

(ध) कुनै पनि राजनैतिक पदका लागि हुने निर्वाचनमा भग लिन वा कसैका निमित्त मत माग्न वा कुनै प्रकारले आफ्नो प्रभाव पार्नु हुँदैन । तर प्रचलित कानून बमोजिम आफुले पाएको मतदानको अधिकार प्रयोग गर्न यसले बन्देज लगाएको मानिने छैन ।

(न) कसैलाई यातना वा योन जन्य दुर्व्यवहार र घरेलु हिंसा सम्बन्धि कार्य गर्नु हुँदैन ।

(प) आफ्नो कार्यालयमा काम गर्दा सबै सँग शिष्ट र हसिलो ब्यवहार गर्नु पर्दछ ।

(फ) आफ्नो कार्यालयमा पद अनुसार आफुले गर्ने जिम्मेवारीलाई मर्यादापूर्वक बहन गरी स्वच्छ निश्पक्ष तथा छिटो छरितो ढंगबाट कार्य सम्पादन गर्नु पर्दछ ।

(ब) आफ्नो काम सँग सम्बन्धित सेवाग्राही प्रति मर्यादित ब्यवहार गर्नु पर्नेछ ।

(भ) गाउँपालिकाका कर्मचारीहरूले आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्रप्त गर्नका लागि आवेदन दिनु हुँदैन ।

(म) कुनै पनि कर्मचारीले निकृष्ट प्रकारको वालश्रम प्रयोग गर्न पाइदैन ।

(य) कर्मचारीहरूले जनप्रतिनिधिको शिष्टाचार र मर्यादा कायम राख्नु पर्नेछ

(र) यो आचारसंहिता पालना भए नभएको अनुगमन एक तह माथिबाट गरिने छ ।

(ल) कर्मचारीहरू गाउँपालिका प्रति उत्तरदायी हुनु पर्दछ ।

(व) निहित स्वार्थको द्वन्द (Conflict of Interest) हुनु हुँदैन ।

(श) तोकिएको पोशाक र परिचयपत्र अनिवार्य प्रयोग गर्नु पर्दछ ।

(ष) कार्यालय समयमा कार्यालय हाताभित्र कार्यालय प्रयोगको काम वाहेक फेसबुक, युट्युव ट्वीटर लगायतका अनय साटहरू चलाउनु हुँदैन ।

५. गाउँपालिकाका कर्मचारीहरूले पालना गर्नु पर्ने अन्य नियमहरू प्रचलित कानूनमा ब्यवस्था भएकोमा सोही बमोजिम र सो मा ब्यवस्था नभएकोमा यसै बमोजिम हुने छ ।